दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १४६ | बुटवल | २०८२ जेठ ०९, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday May.23, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

## रविको रिट हेर्दाहेर्दैमा



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं गृहमन्त्री रवि लामिछानेको तर्फबाट दायर भएको बन्दी प्रत्यक्षीकरणको रिट बिहीबार पनि हेर्दाहेर्दैमा राखिएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासले उनीहरू रिट हेर्दाहेर्दैमा राखेको हो।

लामिछाने र पूर्वडीआइजी छविलाल जोशी दुवैतर्फका अधिवक्ताहरूको बहस सकिएको छ। त्यस्तै, सरकारी वकिलको बहस पनि सकिएको छ । अब जाहेरवालाको तर्फबाट बहस बाँकी छ । यसअघि मंगलबार लामिछानेको तर्फबाट वरिष्ठ अधिवक्ता रमण श्रेष्ठ बहस गर्दा गर्दै समय अपुग भएपछि हेर्दाहेर्दैमा राखिएको थियो। बुधबार भने संवैधानिक इजलासमा न्यायाधीश बस्नुपर्ने भएपछि सुनुवाइ भएको थिएन। आज बिहीबार भने वरिष्ठ अधिवक्ता श्रेष्ठले बहस सकाएका हुन् । लामिछानेतर्फका वकिलको बहस सकिएपछि पूर्वडीआईजी जोशीका तर्फबाट वरिष्ठ अधिवक्ता शम्भु थापालगायतले बहस गरेका थिए। लामिछाने र जोशी दुवै जना सहकारी ठगी प्रकरणमा कारागार कार्यालय भैरहवा रुपन्देहीमा पुर्पक्षमा थुनामा छन्।

बटुवलको सुप्रिम सहकारी ठगी प्रकरणमा जिल्ला अदालत रुपन्देहीले लामिछानेलाई धरौटीमा रिहा गरेको थियो । तर, उच्च अदालत बुटवलले भने पुर्पक्षमा पठाएपछि उनले यसविरुद्ध पनि सर्वोच्चमा निवेदन दिएका थिए । यी दुवै रिटको सुनुवाइ एकसाथ भइरहेको छ।

## सहकारी नियमन प्राधिकरण गठनमा सर्वोच्चको आदेश उल्लंघन

बुटवल । राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठनको सम्बन्धमा सर्वोच्च अदालतको आदेश उल्लङ्घन भएको छ। सर्वोच्चले समय तोकेरै नियमन प्राधिकरणका अध्यक्ष छनोट गर्न समिति बनाउन र अध्यक्ष नियुक्ति गर्न समय तोकेअनुसार समिति गठन नभएको हो।

बैशाख २९ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले प्राधिकरण गठनको सिफारिस समिति एक साताभित्र गठन गरी डेढ महिनाभित्र प्राधिकरण गठन गर्न सरकारका नाममा परमादेश जारी गरेको थियो । समिति गठन गर्ने उक्त कमिटी गत आइतबारभित्र सम्पन्न गरिसक्नुपर्ने थियो। तर, अहिलेसम्म सरकारले उक्त समिति गठन गरेको छैन।

सहकारी नियमन प्राधिकरण ऐनले लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्यको नेतृत्वमा पूर्वसचिव र सहकारी क्षेत्रको विज्ञ मध्येबाट एक/एकजना सम्मिलित सिफारिस समिति बनाउनुपर्ने व्यवस्था गरेको छ। यस्तो समिति बनाउने निर्णय मन्त्रिपरिषद्ले गर्नुपर्छ।

सर्वोच्च अदालतको आदेशलाई ध्यानमा राख्दै भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले यसअघि गत बिहीबार नै तीन जनाको नाम सिफारिस गरी मन्त्रिपरिषदमा पठाएको भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्ट बताउँछन्।

» बाँकी ३ पेजमा

### गौतमबुद्ध विमानस्थलको सकस :

# तीन वर्षमा पनि हुन सकेन १५ दिनमा हुनुपर्ने उडान र यात्रु संख्या

**टिआर शर्मा**
*बुटवल*



गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सन् २०२२ देखि २०२४ सम्मको तीन वर्षमा ७३१ वटा मात्र अन्तर्राष्ट्रिय उडान भएका छन्। तीन वर्षमा ४५ हजार ५७३ यात्रुले विमानस्थल प्रयोग गरेका छन् । यो दुबै संख्या अत्यन्त निराशाजनक हो। पूर्ण क्षमतामाचलेको भए यो उडान र यात्रु संख्या १५ दिनमै हुने थियो।

यो संख्यामध्ये सबैभन्दा धेरै पहिलो वर्ष सन् २०२२ मा ३०४ उडान र ३१ हजार ३५५ यात्रु रहेका छन्। सन् २०२३ मा १२८ उडान र ४ हजार ७५१ यात्रु रहेका छन् भने सन् २०२४ मा २९९ उडान र ९ हजार ४६७ यात्रु रहेका छन्।

विमानस्थल प्रयोग गरेका यात्रु मध्ये भैरहवाबाट जाने २०२२ मा १७ हजार ८९६ जना र आउने १३ हजार ४५९ जना, सन् २०२३ मा भैरहवाबाट जाने २ हजार २९५ जना र आउने २ हजार ४५६ जना तथा सन् २०२४ मा भैरहवाबाट जाने ४ हजार १०३ जना र आउने ५ हजार ३४६ जना रहेका विमानस्थलका प्रवक्ता विनोद राउतले जानकारी दिए।

यो तीन वर्ष अन्तर्राष्ट्रिय उडान नियमित हुन सकेको थिएन। तर सन् २०२५ को जनवरीदेखि मार्चसम्म तीन महिनामामात्रै २९९ अन्तर्राष्ट्रिय उडान भएका थिए। यो अवधिमा काठमाडौंको त्रिभुवन विमानस्थल मर्मत भइरहेकाले उडान कटौती भएको थियो । त्यो बेला नेपाल एअरलाइन्स, जजीरा, फ्लाई दुबई र थाई एअर एशियाले अन्तर्राष्ट्रिय उडान गरेका थिए। यो तीन महिनामा मात्रै १५ हजार १४८ यात्रुले विमानस्थल प्रयोग गरेका छन्। विमानस्थलका प्रवक्ता विनोद राउतका अनुसार हाल दैनिक ५० अन्तर्राष्ट्रिय उडान क्षमता र वार्षिक ३० लाख बढी यात्रु प्रस्थान गर्न सक्ने क्षमता छ।

विमानस्थलमा एकपटकमा ५ वटा न्यारोबडी वा एउटा वाइडबडी र तीन न्यारोबडी जहाज उडान र पार्किङ् गर्न सक्ने क्षमता छ।

क्षमता अनुसार विमानस्थल सञ्चालन हुँदा १५ दिनमा हुने उडान र यात्रु संख्या विमानस्थल नचल्दा तीन वर्षमा पनि हुन नसकेको हो।

विमानस्थलले वार्षिक ३० लाख यात्रुलाई सेवा दिन सक्ने क्षमता राख्दछ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल साँघुरो भएको, कुनै पनि समस्या आउँदा भारत र नजिकका विभिन्न विमानस्थलमा जहाज डाइभर्ट गर्नुपर्ने बाध्यतालाई अन्त्य गर्ने उद्देश्यले त्रिभुवन विमानस्थलको विकल्पका रुपमा गौतमबुद्ध विमानस्थल बनेको हो। साथै बुद्ध जन्मस्थल लुम्बिनीमा विश्वका बौद्धमार्गीहरुलाई आकर्षित गरी पर्यटन प्रवर्धन गर्ने उद्देश्य पनि थियो।

वार्षिक करिब ३० लाख बौद्ध धर्मावलम्बीलाई लुम्बिनी भित्राउने लक्ष्यस सहित विमानस्थललाई स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको बनाइएको हो । धार्मिक पर्यटनलाई बढावा दिने र आर्थिक समृद्धिलाई केन्द्रमा राखेर विमानस्थल स्तरोन्नति भए पनि अन्तर्राष्ट्रिय उडान नियमित नहुँदा विमानस्थल लक्षित गरी होटेल र पर्यटन व्यवसायमा निजी क्षेत्रले गरेको झण्डै एक खर्ब लगानी जोखिममा परेको छ।

२०७१ माघ १ मा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गरेका थिए भने २०७९ जेठ २ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका थिए।

विमानस्थलको आइसीपी १ निर्माणमा ६ अर्ब ६३ करोड भुक्तानी भएको छ भने आइसीपी २ निर्माणमा ४५ लाख १५ हजार ६०९ अमेरिकी डलर र ७९ लाख ८ हजार रुपैयाँ गरी अहिलेको विनिमय दर अनुसार कूल ६३ करोड रुपैयाँ बढी भुक्तानी भएको नागरिक उडड्यन प्राधिकरणले जनाएको छ। कूल लागतमध्ये एशियाली विकास बैंकको ऋण र अनुदान ३७ मिलियन अमेरिकी डलर, ओपेक फण्ड फर इन्टरनेसनल डेभलपमेन्टको ऋण करिब ११ मिलियन अमेरिकी डलर र २८.१ मिलियन अमेरिकी डलर नेपाल सरकारको लगानी भएको छ।

उद्घाटन भएको तीन वर्ष पुगिसक्दा समेत अन्तर्राष्ट्रिय उडानहरु नियमित हुन नसकेर आलोचित बनिरहेको बेला गौतमबुद्ध विमानस्थलको जग्गा अधिग्रहण र मुआब्जा वितरणको विषय समेत विवादमा तानिएको छ।

विमानस्थलका लागि झण्डै एक दशक अघि पटक-पटक गरेर ४ सय ५२ बिघा जग्गा अधिग्रहण गरी साढे २२ अर्ब ६८ करोड रुपैयाँ मुआब्जा वितरण गरिएको थियो।

अहिले विमानस्थलको कूल जग्गा ८०६ बिघा छ। जसमा पूर्व-पश्चिम दिशामा ३ किलोमिटर लम्बाई र ६० मिटर चैडाइको धावनमार्गसहित इन्टरफेन्सभित्रको जगा ३१० बिघा छ । बाँकी आउटर फेन्स भित्र छ। नर्थवेस्ट सिभिल एयरपोर्ट कन्स्ट्रक्सन ग्रुप चाइनाले विमानस्थल बनाएको हो।

सार्वजनिक लेखा समितिअन्तर्गतको उपसमिति सदस्यहरुले रनवे भन्दा दक्षिणतर्फ भारतको सीमाभन्दा डेढ किलोमिटर उत्तरसम्म खोला आसपासको ठूलाठूला भंगालो (खाल्डा) आसपासमा आवश्यकता नै नभएको कमसल जग्गा ठूलो परिमाणमा खरिद गरी अर्बौं रकम मुआब्जा बांड्नुका पछाडि नीतिगत र आर्थिक भ्रष्टाचार लुकेको भन्दै थप छानवीन गर्नुपर्ने माग गरेका छन्।

उद्घाटनको तीन वर्ष पुगे पनि नियमित अन्तर्राष्ट्रिय उडान नहुँदा विमानस्थललाई लक्षित गरी होटेल र पर्यटन क्षेत्रमा निजी क्षेत्रबाट भएको करिब एक खर्ब रुपैयाँ लगानी संकटमा परेको व्यवसायीहरुको गुनासो छ। भैरहवाका व्यवसायिक संघसंस्थाहरुले अन्तर्राष्ट्रिय उडान माग्दै बारम्बार आन्दोलन गरिरहेका छन्।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले वैदेशिक रोजगारीमा जाने नेपालीका लागि आवश्यक श्रम कार्यालय, मेडिकल जांच, भिसा सेन्टर, वैदेशिक रोजगारीमा जानेहरुका लागि तालिम केन्द्र जस्ता सरकारी कार्यालयर म्यानपावर कम्पनीका कार्यालयहरु भैरहवामा स्थापना गर्ने मन्त्रिपरिषद बैठकबाट निर्णय भए पनि कार्यान्वयन नहुँदा एअरलाइन्सहरुलाई यात्रु अभाव भएको बहाना देखाई उडान कटौती गरेकाले ती कार्यालय यथाशीघ्र सञ्चालन हुनुपर्ने बताउँछन्। महाप्रबन्धक तिवारीले सरकारी स्वामित्वका नेपाल एअरलाइन्स र हिमालयन एअरलाइन्सले आफ्नो प्रतिस्पर्धी क्षमता बढाउन जहाज थप्नुपर्ने र केही जहाज गौतमबुद्ध विमानस्थललाई डेडिकेटेड गर्न आवश्यक रहेको औंल्याए ।

पर्यटन व्यवसायीहरुले सरकार काठमाडौं केन्द्रित ठूला व्यवसायीको प्रभाव र दबाबमा परेर मन्त्रिपरिषद्बाट निर्णय गरेर पनि अत्यावश्यक कार्यालय भैरहवामा स्थापना नगरेको, हवाई टिकट बिक्रीमा एअरलाइन्सहरुले काठमाडौं केन्द्रित ट्राभल व्यवसायीको सिण्डिकेट कायम राखेको, बौद्धमार्गी मुलुकबाट भैरहवामा सिधा उडानका लागि सरकारले ठोस पहल नगरेको जस्ता कारण विमानस्थल नचल्नुमा मुख्य समस्या रहेको बताउँछन्।

# बालमैत्री नगरको दीगोपनाका लागि के हुँदैछ तिलोत्तमामा ?




**लुम्बिनी संवाददाता**
*तिलोत्तमा*

रुपन्देहीको तिलोत्तमा नगरपालिका बालमैत्री नगरका रुपमा अन्य पालिकाहरुका लागि समेत उदाहरण बनेको छ । २०७८ मंसिर २९ गते बालमैत्री नगर घोषित भएको थियो । त्यो बेला रुपन्देहीका १६ स्थानीय तहमध्ये तिलोत्तमा पहिलो बालमैत्री नगर घोषित भएको हो। लुम्बिनी प्रदेशकै नवलपरासी पश्चिमको सुनवल नगरपालिका भने १५ वर्षअघि नै नेपालको पहिलो बालमैत्री नगरपालिका भइसकेको थियो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका-२०७८ एवं स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले निर्दिष्ट गरेको ५१ वटा सूचकमध्ये ३८ वटा सूचकमा शतप्रतिशत उपलब्धि र ६ वटा सूचकमा ९५ प्रतिशत उपलब्धि हासिल गर्नुपर्ने प्रावधान छ। यस्तै ६ वटा सूचकमा ८० प्रतिशत र एउटा सूचकमा ९० प्रतिशत नतिजा प्राप्त गरेमा बालमैत्री नगर घोषणा गर्न सकिन्छ।

बालमैत्री नगरका विद्यालयमा दण्ड-सजायरहित शिक्षण, बालबालिकालाई आदरार्थी शब्दबाट सम्बोधन, बालश्रममुक्त लगायतका मापदण्ड रहेका छन्।

बालमैत्री नगरका न्यूतम मापदण्डहरु पालना गरी दीगो कार्यान्वयन भइरहेकाले रुपन्देहीका अन्य पालिका र देशका विभिन्न जिल्लाबाट समेत तिलोत्तमाको बालमैत्री अभ्यास अध्ययन अवलोकन गर्न आ प्रमुख सम्झना भण्डारी भुसालले बताइन्।

बालमैत्री नगर घोषणाको कार्यान्वयन दीगो बनाउन सबै १७ वटै वडा हेर्ने गरी ७ जना बालमैत्री सहजकर्ता नियुक्त गरी काम भइरहेको छ।

'बालमैत्री नगर घोषणापछि यसको दीगो कार्यान्वयनका लागि नगरले नीति तथा कार्यक्रम र बजेटमा यसलाई हरेक वर्ष समावेश गर्दै विभिन्न कार्यक्रम र गतिविधि गरिरहेको छ,' उनले भनिन्-'घोषणाको प्रभावकारी कार्यान्वयन हुँदै दीगोरुपमा अघि बढेकाले धेरै पालिकाका लागि उदाहरण बनेको छ, त्यसैले विभिन्न जिल्लाका पालिकाबाट अध्ययन गर्न आउने क्रम बढ्दो छ।'

उनका अनुसार नगरका १७ वटै वडामा वडा स्तरीय बाल भेला द्वारा योजना तर्जुमा हुने गरेको छ।

यस्तै नगर बाल भेलामार्फत् बालयोजना संकलन तथा वार्षिक कार्यक्रममा समावेश हुने गरेको छ। नगर बाल समूह संञ्जालको आयोजनामा राष्ट्रिय बाल दिवसको अवसरमा सन्देशमूलक नाटकहरु प्रस्तुत गर्ने, बालमैत्री सम्पर्क व्यक्ति, सम्पर्क शिक्षक, सहजकर्ता र सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको उनले बताइन्।

घोषणाको बार्षिक अवसर पारी दुईवर्ष अवधिको सूचक अध्यावधिक तथा मापन कार्यक्रम, प्रगति समिक्षा कार्यक्रम समेत सम्पन्न हुंदा राम्रो प्रगति भएको उनको दाबी छ।

बालमैत्री घोषणापछि बालबालिकाहरुका लागि २०८१-८२ देखि २०८६-८७ सम्मको पञ्चवर्षीयआवधिक लगानी योजना निर्माणसम्बन्धी संयुक्त कार्यशाला कार्यक्रम सम्पन्न भएको बालमैत्री नगर समन्वयकर्ता शारदा घिमिरे बताइन्।

'हरेक वर्ष नगरस्तरीय बालमैत्री समिति, नगर बाल अधिकार समिति,नगर बालसमुह सञ्जाल तथा बालमैत्री सहजकर्ताहरुको विभिन्न बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन्,' उनले भनिन्-'विभिन्न वडाहरुमा बालबालिकाहरुका लागि आत्मरक्षासम्बन्धी तालिम पनि भएका छन्, वडास्तरीय लोक सेवा आयोगको तयारी कक्षा पनि सञ्चालन भएका छन्।'

» बाँकी ३ पेजमा

**गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश**

- जन्म,मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गराउँ।
- कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं।
- पशुपंक्षी संरक्षण गरौं, वातावरण जोगाउन वृक्षारोपण गरौं।
- भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं।
- स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं।
- सेवा प्रवाहमा रहेको कमी कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं।
- सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा राख्ने गरौं।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं।
- फोहोरको उचित व्यवस्थापन गरौं।
- वातावरण जोगाउन वृक्षारोपण गरौं।
- खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**रुरुक्षेत्र गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
घिउबेंसी, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# ओभरलोड नियन्त्रणको पहलकदमी

ओभरलोड बोक्ने मालवहाक ट्रकलाई नियन्त्रण गर्न सरकारी निकाय रमिते बनिरहेको आरोप लागिरहेका बेला ओभरलोड नियन्त्रण गर्न रूपन्देहीका प्रमुख जिल्ला अधिकारीले पहलकदमी लिएका छन् । मालवाहक ट्रकको ओभरलोड भन्सार विन्दुमै मिलान गरिने भएको छ । भारतीय ओभरलोड गाडीले सडक भत्केर समस्या भएको र नेपाली यातायात व्यवसायी मारमा परेको भन्दै नेपाली ट्रक व्यवसायीले उठाउँदै आएको समस्या समाधान हुने भएको छ ।

मुख्यतः भारतीय ओभरलोड मालवाहक गाडीका कारण नेपालका सडक र पुलमा बारम्बार क्षति पुगेको यी घटनाले प्रहरी प्रशासनलाई ओभरलोड नियन्त्रण गर्न दबाब परेको थियो । ओभरलोड मालवाहक सवारी साधनलाई भन्सार बिन्दुमै भारमिलान गरेर मात्र नेपाल प्रवेश गर्न दिने निर्णय कार्यान्वयन हुँदा भारतीय गाडीले बोक्दै आएको ओभरलोड बोक्ने प्रवृत्ति हट्ने छ । रूपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले ओभरलोड नियन्त्रण गर्न लिएको पहलकदमीलाई सकारात्मक मान्नुपर्छ । निर्णयको पूर्ण कार्यान्वयनका लागि यातायात व्यवस्था कार्यालय, बुटवल (सवारी), ट्राफिक प्रहरी कार्यालय र भैरहवा भन्सार कार्यालयले आपसी समन्वय एवं सहकार्य गर्ने निर्णय भएको छ । निर्णय कार्यान्वयनका लागि सरोकारवाला निकायबिच समन्वय र सहकार्य गर्ने सहमति भएकाले व्यवहारिक कार्यान्वयनको अपेक्षा छ । कुनै एउटा निकायको सक्रियताले मात्रै निर्णय कार्यान्वयन हुने होइन् र ओभरलोड भारतीय गाडीको मात्रै छैन । भारतीय गाडीले ओभरलोड बोक्छन् भन्ने भाष्य बनाएर नेपाली गाडीलाई छुट दिनु हुँदैन । ओभरलोड बोक्ने जुनसुकै गाडीलाई नियन्त्रण गर्नुपर्छ । भारतीय गाडीले ओभरलोड बोक्दा नेपाली ट्रक व्यवसायी विस्थापित हुन लागि रहेका बेला नेपाली व्यवसायीलाई बचाउने उपाय पनि हो ।

मालवाहक सवारी साधनको भारवाहन नियमनसम्बन्धी निर्देशिका बनाएर सरकारले नियमनकारी निकायलाई नियमन अधिकार दिएको छ । नियम र कानुन भएर पनि कार्यान्वयन नइरहेको अवस्थामा अहिले निर्देशिकाको कार्यान्वयनका लागि पहलकदमी हुनु सकारात्मक छ । निर्देशिकामा तोकिएको भारवाहन क्षमताभन्दा बढी भार बोकी आएका मालवाहक सवारी साधनले प्रचलित कानुनअनुसारको जरिवाना गर्नुको साथै बढी भएको सामान भन्सार विन्दुमा झारी सवारी धनीले नै त्यस्तो सामानको भण्डारणको व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । निर्देशिकाको यो बुँदाको कार्यान्वयन हुने बित्तिकै ओभरलोड बोक्ने प्रवृत्ति स्वतः बन्द हुन्छ ।

# विकल्प अग्रगमनको



विन बहादुर कुँवर

एकथरीले यसको विकल्प फेरि त्यही पुरानो राजतन्त्रको पुनर्स्थापनाको होहल्ला गर्दै छन् भने अर्काथरीले यही चालु राज्य व्यवस्थालाई नै थामथुम पारी बचाइराख्ने कसरतमा छन् । पहिलो प्रतिगामी सोचाइ हो भने दोस्रो यथास्थिति सोचाई यी दुवै सारमा एउटै प्रतिगामी सोच नै हुन् । यसको उचित र अग्रगामी विकल्प र सोचाई भनेको जनगणतन्त्र नै हो । देशका मजदुर-सर्वहारा-किसानको नेतृत्वमा सम्पूर्ण देशभक्त, जनवादी र प्रगतिशील आम जनसहभागितामा हुने जनक्रान्तिबाट बन्ने नयाँ जनवादी राज्य सत्ता र यसबाट संचालित राज्य व्यवस्था यसको विकल्प हो ।

जेठ १५ नेपालमा गणतन्त्र स्थापना भएको पहिलो दिन हो । उक्त दिन नेपालमा २४० वर्षदेखि शासन सत्तमा रही आएको राजा र राजतन्त्रको अन्त्य भएको घोषणा गरिएको थियो । त्यसपछि तत्कालीन राजा ज्ञानेन्द्रले आफ्नो श्रीपेच तत्कालीन सरकारलाई हस्तान्तरण गरी आफू नारायणहिटी दरबारबाट बाहिरिएका थिए । तर आज तिनै पूर्व राजा ज्ञानेन्द्र आफ्नो त्यो श्रीपेच सहित पुनः त्यही आफ्नो नारायणहिटी दरबारमा फर्कन खोज्दैछन् । गत फागुन ७ गते प्रजातन्त्र दिवसका लागि दिएको सन्देश वक्तव्यमा त्यो उल्लेख गरिसकेका छन् । त्यही सन्देशका आधारमा २०४६ सालको जनआन्दोलनबाट बडारिएका केही पुराना पञ्चे मण्डले र दरबारियाहरु पुनः जुमुराउन थालेका छन् । गएको चैत १५ गते आफ्नो जनसमर्थन र शक्ति प्रदर्शन गर्ने नाममा ठूलै वितण्डता नै मच्याउने प्रयास गरे । तोडफोड, लुटपाट, आगजनी, हत्या, हिंसा नै भयो । दुई जनाको हत्या, अनेकौं घाइते र करोडौं बराबरको सम्पत्तिको नास भयो । त्यो सबै वर्तमान सरकारी बेवास्ता र निरीहता कारण भयो ।

हुन त अहिलेको सरकार दुई ठूला दल ने.का. र एमाले सहितको करिब दुई तिहाई बहुमत प्राप्त शक्तिशाली संयुक्त सरकार हो । यसले चाहे यहाँ जे पनि गर्न सक्छ । तर स्थिति यस्तो दयनीय छ । वर्षौंदेखि जनताबाट फ्याँकिएका केही मुठ्ठीभर पुराना पञ्चे- मण्डले र दरबारियाहरुको यस्तो हर्कतबाट अत्तालिन थालेको छ । देश विदेश चारैतिर हारगुहार बिन्तीभाउ दर्शाइरहेको छ । परराष्ट्र मन्त्री आरजु राणा पटक पटक भारत-अमेरिका र अन्य मुलुक गई यस्तो व्यवहार देखाइरहेकी छन् । पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई समेत भारत गई भारतीय नेताहरुलाई नेपालमा राजतन्त्रको पुनर्स्थापना र हिन्दु राष्ट्र आदि बारेको जानकारी लिने प्रयास गरिएको छ । यसले झन् पूराना पञ्चे मण्डले र राजावादीहरुको मनोबल बढाएको छ । त्यही भएर फेरि यही जेठ १५ गतेदेखि उनीहरुले अनिश्चितकालीन कथित जनआन्दोलन थालनी गर्ने घोषणा गरिसकेका छन् ।

यता सरकारले पनि यही जेठ १५ गते गणतन्त्र दिवसको अवसर पारेर तीन दिने विविध कार्यक्रमको घोषणा गरिसकेको छ । सरकारको साथसाथै गणतन्त्र पक्षधर पार्टी र पार्टी नेता-कार्यकर्ताहरुले पनि उक्त दिन त्यस्तै विविध कार्यक्रम संचालन गर्दैछन् । कांग्रेस-एमालेले त्यसको तयारीका लागि तरुण दल र युथ फोर्सलाई सक्रिय पार्दै छ भने माओवादीले वाइ.सी.एल.लाई त्यसको जिम्मा लगाइसकेको छ । यसरी उक्त दिन अर्थात् जेठ १५ गते देशका दुई छुट्टाछुट्टै प्रतिगामी र यथास्थितिवादी अर्थात् पुराना पञ्चे मण्डले र राजावादी अनि कांग्रेस-एमाले, माओवादी बीच आम्ने साम्ने हुने दोहोरो (गणतन्त्रको विरोध र समर्थन) प्रदर्शनको अहिलेदेखि नै तयारी र प्रचार भइरहेको छ । तर आज जनता भने यसबाट आतंकित छन् । कतै पुनः विगतको चैत १५ जस्तो वितण्डता आतंक, हत्या, हिंसा लुटपाट, आगजनी आदि हुने त होइन ? आखिर हुन्छ पनि त्यही साँडेको जुधाई बाच्छाको मिचाई ।

यसै प्रसंगमा अहिले गणतन्त्र विरोधी राजावादीहरु र गणतन्त्र पक्षधर खासगरी कांग्रेस-एमाले र माओवादी त्यसमा पनि झन् एमाले अध्यक्ष तथा प्रम केपी ओलीबीच आपसी आरोप प्रत्यारोप र भनाभनको दोहोरी चलिरहेको छ । दरबारिया मण्डले र दलालहरुले भन्दै छन् अब यी गणतन्त्रवादी नेताहरु खासगरी देउवा-ओली र प्रचण्डहरुको दिन सकिए अब खुरु खुरु टिकट काटेर देश बाहिरिए हुन्छ । भन्न कति सजिलो ? २०४६ सालदेखि सत्तामा बसी खाई पाई रजाई गर्दै आएका यी त्यत्तिकै फेरि केही पुराना पञ्चे-मण्डले र दरबारियाहरुले भन्दैमा यसरी भागिहाल्छन् ? तर मनको लड्डु खान सबैलाई छुट छ । वर्षौंसम्म झन् भनौ २४० वर्षे शाही सत्ताको रजाई चाख्दै आएकाहरुलाई फेरि त्यसको सम्झना र तृष्णाले सताइरहेको हुन्छ । यसरी बेला मौकामा यस्ता अभिव्यक्ति दिनुलाई अन्यथा भन्न नमिल्ला । तर फेरि यसको प्रतिउत्तरमा प्रम ओलीले उमेर भए त उनीहरुले भन्ने बित्तिकै भागिहाल्नु हुन्थ्यो के गर्ने ? फेरि यसको जवाफमा राप्रपाका सभापति राजेन्द्र लिङदेलले भने त्यसो भए ओली कमरेड भागी जानका लागि एउटा छुट्टै हेलिकप्टरको व्यवस्था गरिनेछ । यसको अर्थ हो अब गणतन्त्रवादीहरुका लागि यो मुलुक सुरक्षित छैन । कि भाग्नु पर्ने, कि थुनिनु पर्ने कि मर्नु पर्ने । ठीकै हो सत्ताको लडाइँ यस्तै हुन्छ र हुँदै आएको छ । राप्रपाका सभापति राजेन्द्र लिङदेलले जे भन्दैछन् सही भन्दैछन् । न हिजो राणाकालमा विरोधीहरुलाई यस्तो छुट थियो न पछिको पंचायती कालमा । सयौं मारिए हजारौं थुनिए र सयौं बेपत्ता पारिए । इतिहास साक्षी छ । अब कुनै कारण यी दरबारियाहरुको शासन सत्ता फर्केमा फेरि हुन्छ यहाँ पनि सयौं मारिने छन्, हजारौं थुनिने छन्, हजारौं अंगभंग घरबारविहीन हुनेछन् भने सयौं बेपत्ता पारिने छन् ।

तर यति भनिरहँदा पनि कांग्रेस-एमाले र माओवादीका यी नेता-कार्यकर्ता त्यसमा पनि झन् देउवा-ओली र प्रचण्डलाई कुनै चिन्ता छैन । यसलाई हँसिमजाकमै लिने गरेका छन् । हुनतः यसलाई उनीहरुले लोकतन्त्रको सुन्दर पक्ष-आलोचना-विरोध, पक्ष-विपक्ष र अभिव्यक्ति स्वतन्त्रता आदि भन्ने गरेका छन् । तर मूल कुरा यो होइन । मूल कुरा वर्गीय पक्षधरताको कुरा हो । कांग्रेस-एमाले र माओवादी अनि यी पुराना पञ्चे-मण्डले र राजावादीहरुबीचको यो लडाइँ वर्गीय सत्ताको लागि होइन खाली व्यक्ति-पद-प्रतिष्ठा र कुर्सीको लागि मात्रै हो । कुरा व्यवस्थाको गरे पनि खासमा यिनीहरुबीचको यो जुहारी खाली व्यक्तिमा छ, अर्थात अहिलेको राष्ट्रपतिको स्थानमा राजा राख्ने । कांग्रेस-एमाले र माओवादीबीचको सत्ता बाँडफाँडमा केही भाग विलो यी पुराना पञ्चे-मण्डले र राजावादीहरुले पनि पाउनुपर्छ भन्ने हो । त्यसैले यी दुवै बीचको यो द्वन्द्व सामान्य प्रकृतिकै भएकाले अहिले एकले अर्कालाई जे आरोप प्रत्यारोप गरे पनि त्यो सबै सामान्य हँसिमजाक मै लिने गरेका छन् ।

यी दुवै राजावादी र गणतन्त्रवादीबीचको त्यति ठूलो द्वन्द्व भएको विगत नै छैन । २०४६ सालमा निर्दल ढल्यो बहुदल आयो । तर शासक उही संवैधानिक राजतन्त्र । त्यसका कारिन्दा फेरि उनै पुराना पञ्चे-मण्डले खाली कांग्रेस-एमाले थपिए । पुराना पञ्चे-मण्डले-राजावादी कोही भाग्नु परेन । उल्टै पटकपटक तिनै पञ्चे सूर्य बहादुर थापा र लोकेन्द्र बहादुर चन्द नै प्रधानमन्त्री त्यस्तै अरु मन्त्रीमा । २०६२।०६३ सालको राजनीतिक परिवर्तनपछि व्यवस्थामा गणतन्त्र भने पनि पुराना पञ्चे-मण्डले र राजावादी सबैको ससम्मान । ज्ञानेन्द लाई लाखौं रासन सत्ता सयौं सशस्त्र सुरक्षा गार्डसहित नागर्जुन दरबार अनि पुराना पञ्चे मण्डले र राजावादीहरुलाई पार्टी निर्माणसहित संसदीय निर्वाचन लड्न छुट । त्यति मात्रै होइन सरकार बचाउन र सरकारमा जान छुट । थुप्रै मन्त्री नै भए पनि । झन् पछिल्लो कालमा त आआफ्नै दल र निर्वाचन चिन्ह नै प्रयोग गर्न दिई चुनावी एकता नै भयो । कमल थापा एमाले सूर्य चिन्ह लिई मकवानपुरमा एमाले संसदीय चुनावी उम्मेदवार । त्यस्तै राजेन्द्र एमाले गठबन्धनबाट झापामा उम्मेदवार । दीपक बोहरा रुपन्देही ३ नं. क्षेत्रका एमाले गठबन्धन उम्मेदवार आदि थुप्रै जिल्लामा भयो । यसलाई एमाले पंक्तिले मदन भण्डारीको बासी र घोर अवसरवादी नारा सत्ताका लागि स्थायी शत्रु र मित्र हुँदैन भन्ने अर्थमा लियो । वर्गीय सत्ताकै मार्क्सवादी अवधारणालाई यसले तिलाञ्जली दिएको छ । जस अनुसार सत्ता प्राप्तिका लागि जे गर्दा जे भन्दा र जो जो सँग एकता र मिलन गर्दा पनि हुन्छ, त्यही अनुसार हिजो आज र भोलि पनि एमाले पंक्तिले गर्दै आएको छ । फेरि यही दिशामा कांग्रेस र माओवादीहरु पनि अग्रसर छन् । त्यही भएर यी सबै बीचको अर्थात् कांग्रेस-एमाले र माओवादी अनि पुराना पञ्चे-मण्डले र दरबारियाहरुबीचको आरोप-प्रत्यारोप र रस्साकसी खास विचार-सिद्धान्त र राजनीति सत्ता वर्गीयताको आधारमा छैन । खाली व्यक्ति, पद-प्रतिष्ठा र कुर्सी राजनीतिमा मात्रै सीमित रहेको छ । तर पनि नपत्याउने खोलाले बगाउन सक्छ । औंलो दिंदा सिंगो हात नै निलिन सक्छ । नेपालको पुरानो दरबारिया इतिहास नै यस्तै छ । दाई मारा, भाई माराको आरोप नै ज्ञानेन्द्रमाथि छ । दरबार छोडी भागी दिल्ली पुगेका राजा त्रिभुवनलाई फर्काइ सत्तासिन बनाउने वीपी तिनैलाई २०१७ सालमा प्रधानमन्त्रीबाट अपदस्त गराइ वर्षौं जेल सडाई राख्ने महेन्द्र । झन् पछिल्लो कालमा दुनियाँले दाई र भाई मारा विरेन्द्रको वंश नास गर्नेलाई दाम चढाएर गद्दी श्रीपेच पहिराउने गिरिजा-माधव-ओली सबैलाई लात हान्दै फेरि त्यस्तै निरंकुश सत्ताको अभ्यास गर्ने ज्ञानेन्द्र र उनको सन्तानलाई राजा बनाउँदा आफू र आफ्नो दल अनि देश र जनताको अवस्था के होला ? कांग्रेस-एमाले र माओवादीले अब पनि सोचुन ।

अब पनि देशमा राजतन्त्रको पुनर्स्थापना गराउने पञ्चे-मण्डले र दरबारियाहरुको सोच पश्चगामी-प्रतिगमन सोचाइ हो । त्यसका विरुद्ध डटेर संघर्ष नगरी लोकतन्त्रको नाममा यी सबैलाई केही नगरी जे गर्न पनि छुट दिने कांग्रेस-एमाले र माओवादी सोच यथास्थिति-ढुलमूल र समन्वयकारी सोचाइ हो । त्यसैले यी दुवैका बीच अहिले वैदेशिक शक्ति केन्द्रहरु सलबलाउन थालेका छन् । एकले अर्कालाई बोक्न र थमथमाउने अनि अन्त्यमा मिलाई आआफ्ना स्वार्थ पूर्ति गर्नेमा यी सबै तल्लिन छन् । रुस-युक्रेन अनि हालैको भारत-पाकिस्तान युद्धले विश्व साम्राज्यवादी द्वन्द्वलाई नयाँ मोडमा विस्तार गर्दैछ । यस्तो स्थितिमा जुन उद्देश्यका साथ राजावादीहरु आन्दोलनमा होमिन थालेका छन् । त्यो अनुरुपको परिस्थिति अब देखिदैन अर्थात् भारतीय प्रम मोदीको हिन्दु साम्रराज्य हालैको भारत पाकिस्तान युद्धले तिरमिराउन थालेको छ । विश्वको एक मात्र हिन्दुराष्ट्र नेपाल र त्यसको हिन्दु सम्राट राजा ज्ञानेन्द्र बनाउने मोदी-योगी आदित्वनाथको सपना र ग्राइड डिजाइन पनि अब त्यत्तिकै तुहिने निश्चित छ ।

अन्त्यमा नेपाल अहिले पनि अर्ध सामन्ती अर्धऔपनिवेशिक वा नव औपनिवेशिक अवस्थामा छ । सामन्ती, दलाल र नोकरशाही बुर्जुवाहरुकै हाली मुहाली राज्य सत्तामा कायम छ । पञ्चे, मण्डले र दरबारिया अनि कांग्रेस-एमाले र माओवादी सबै यसैका लागि तछाडमछाड गरिरहेका छन् । यसमा राजा जानु र नजानु वा राख्नु र नराख्नेले खासै फरक पर्दैन । यो कुरालाई यी सबैले राम्रैसँग बुझेका छन् । खास फरक त त्यतिबेला पर्छ जब यो सिंगो राज्य व्यवस्थाको अन्त्य गरी यो भन्दा अझ उन्नत र अग्रगामी राज्य व्यवस्थाको स्थापना गरिन्छ । हिजो २०६३ सालपछि संवैधानिक राजतन्त्रात्मक राज्य व्यवस्थाको विकल्पमा लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको थालनी भयो । तर यसले पनि देश र जनताको हित गरेन । राष्ट्रघात र जनघात गर्‍यो । एकथरीले यसको विकल्प फेरि त्यही पुरानो राजतन्त्रको पुनर्स्थापनाको होहल्ला गर्दै छन् भने अर्काथरीले यही चालु राज्य व्यवस्थालाई नै थामथुम पारी बचाइराख्ने कसरतमा छन् । पहिलो प्रतिगामी सोचाइ हो भने दोस्रो यथास्थिति सोचाई यी दुवै सारमा एउटै प्रतिगामी सोच नै हुन् । यसको उचित र अग्रगामी विकल्प र सोचाई भनेको जनगणतन्त्र नै हो । देशका मजदुर-सर्वहारा-किसानको नेतृत्वमा सम्पूर्ण देशभक्त, जनवादी र प्रगतिशील आम जनसहभागितामा हुने जनक्रान्तिबाट बन्ने नयाँ जनवादी राज्य सत्ता र यसबाट संचालित राज्य व्यवस्था यसको विकल्प हो ।

# महिनाअनुसार शिशुको औसत वजन कति हुनु पर्दछ ?

विश्व स्वास्थ्य संगठनअनुसार, बालबालिका विभिन्न गतिमा विकास गर्दै जान्छन्, तर पूर्णकालिक (समय पुगेर जन्मिएका) पुरुष शिशु जन्मिदाको औसत जन्म वजन ३.३ किलोग्राम र महिला शिशुको ३.२ किलोग्राम हुन्छ । विकास चार्टहरूले शिशुको औसत वजनको मार्गदर्शन दिन सक्छ ।

पहिले, यो ध्यान दिनु महत्त्वपूर्ण छ कि औसत वजन भनेको सामान्य वजन होइन । ठ्याक्कै वयस्कहरूको जस्तै, शिशुहरू विभिन्न आकार र प्रकारमा हुन्छन् ।

यदि शिशुको वजन न्यूनतम प्रतिशतमा छ भने, यसले शिशुको विकास वा शारीरिक विकाससँग समस्या छ नै भनेर जनाउँदैन । यसलाई ध्यानमा राख्दै, वजन चार्टको प्रयोगले एक व्यक्तिलाई सामान्य रूपमा शिशुको विकास ट्र्याक गर्न मद्दत पुर्‍याउँछ ।

३७ देखि ४० हप्ता जन्मेका शिशुको औसत वजन ५ पाउन्ड ८ औंस देखि ८ पाउन्ड १३ औंसको बीचमा हुन्छ । यसलाई २.५ देखि ४ किलोग्रामको बराबरीमा लिइन्छ ।

प्रसवको समयमा, विशेषज्ञहरूले ५ पाउन्ड ८ औंस भन्दा कम, वा २.५ किलोग्रामभन्दा कमलाई न्यून जन्म वजनका रुपमा लिन्छन् ।

**के-के कुरा सामान्य हुन् ?**

शिशुहरूले प्रायः आफ्नो जीवनको पहिलो ६ महिनामा सबैभन्दा छिटो वजन बढाउँछन् ।

शिशुले जन्मको पहिलो हप्तामा लगभग १० प्रतिशत वजन गुमाउनु सामान्य हो । यो घट्ने प्रक्रिया प्रायः फ्लुड लसका कारणले हुन्छ र सामान्य रूपमा चिन्ता गर्नु आवश्यक छैन । अधिकांश शिशुको यो वजन १ हप्ता भित्र फिर्ता हुन्छ ।

सामान्यतया, स्तनपान गरिएका शिशुहरूको वजन पहिलो वर्षमा फार्मुला खुवाइएका शिशुहरूभन्दा ढिलो बढ्छ । यद्यपि विभिन्न शिशु अनुसार यसमा भिन्नता आउन सक्छ, तर सामान्यता शिशुहरूको ४ महिनामा आफ्नो जन्म वजन दोब्बर हुन्छ र प्रायः आफ्नो पहिलो जन्मदिनमा जन्म वजन तीन गुणाले बढ्दछ ।

यद्यपि, वृद्धि ढाँचाले कुनै स्पष्ट तालिका पालना गर्दैन । कसैका शिशुहरूको वजन स्थिर रूपमा बढ्छ र केही महिना समान प्रतिशतमा रहन्छ भने कसैको शिशुको वजन छिट्टै बढ्दछ र वृद्धिको सङ्केत दिन्छ, जुन कुनै पनि समयमा हुन सक्छ । यसले बच्चालाई नयाँ वजन प्रतिशतमा सार्न सक्छ ।



**के १० पाउन्डको शिशु ठूलो हो ?**

विश्व स्वास्थ्य संगठनका अनुसार, पूर्णकालिक पुरुष शिशुको औसत जन्म वजन ७ पाउन्ड ६ औंस र पूर्णकालिक महिला शिशुको ७ पाउन्ड २ औंस हुन्छ ।

त्यसकारण, १० पाउन्डको शिशु औसत वजनभन्दा ठूलो हो ।

**शिशुले कहिले आफ्नो जन्म वजन दोब्बर गर्नु पदर्छ ?**

सामान्यतया, शिशुले आफ्नो जन्मको प्रारम्भिक वजन ६ महिनामा दोब्बर गर्दछन् । उनीहरूले प्रायः १२ महिनामा जन्म वजनको तीन गुणा तौल गर्छन् ।

शिशुको वजनलाई के कुराले प्रभावित गर्छ ?

**लिंग**

पुरुष नवजात शिशुहरू महिला नवजात शिशुहरूभन्दा ठूलो हुन्छन् र सामान्यतया पुरुष नवजात शिशुहरूको वजन चाँडो बढ्छ ।

**पोषण**

तौल बढ्ने र बृद्धि दर पनि बच्चाले आमाको दुध वा फर्मुला खान्छ भन्नेमा भर पर्छ ।

स्तनपान गरिएका शिशुहरू, फार्मुला खुवाइएका शिशुहरू भन्दा ढिलो बढ्छन् ।

तर, वृद्धि सामान्यतया स्तनपान र फर्मुलामा आधारित पोषण खुवाइएका शिशुहरूको समान हुन्छ ।

शिशुले अन्य खाना खान सरु गरेपछि पनि वजनमा उतार-चढाव आउन सक्छ ।

**चिकित्सकीय अवस्थाहरू**

स्वास्थ्यका समस्याहरूले शिशुहरुको वजन बढ्न ढिलो गराउन सक्छ । उदाहरणका लागि, जन्मजात मुटु असामान्यताहरू भएका शिशुहरूको, स्वास्थ्य समस्याहरू नभएका शिशुहरूभन्दा ढिलो वजन बढ्न सक्छ ।

पोषण अवशोषण वा पाचनमा असर पुर्याउने स्वास्थ्य समस्याहरू जस्तै सेलियाक रोगले पनि वजन बढ्न ढिलो बनाउन सक्छ ।

**अल्पकालिक**

समय नपुगेर जन्मिएका शिशुहरू आफ्नो पहिलो वर्षमा समय पुगेर जन्मिएका शिशुहरूभन्दा चाँडो बढ्न सक्छन् ।

तर, धेरै अल्पकालिक शिशुहरूले चाँडो वजन बढाए तापनि लगभग पहिलो जन्मदिनमा पूर्णकालिक शिशुहरुसँगै 'समान' हुन्छन् ।

-विभिन्न अध्ययन र लेखहरुको सहयोगमा



**गोलभैँडा व्यापार**

दाङको घोराही उपमहानगरपालिका-१६ स्थित तेरौटेमा सञ्चालित कृषि फर्ममा बिक्रीका लागि गोलभैँडा सङ्कलन गर्दै श्रमिकहरू। स्थानीय किसानका अनुसार दाङमा गोलभैँडा प्रतिकिलो २२ रुपैयाँको दरले थोकमा बिक्री हुँदै आएको छ। तस्विर : कुलदीप न्यौपाने / रासस

# रेशमा चियाको व्यावसायिक उत्पादन सुरु



गलकोट (बागलुङ) । झाडी फाँडेर लगाइएको चियाले उत्पादन दिन थालेपछि यहाँका चिया किसान उत्साहित भएका छन् । बागलुङको काठेखोला गाउँपालिका-७ रेशमा २०७६ सालमा लगाइएको चियाले व्यावसायिक उत्पादन दिन थालेपछि किसान उत्साहित भएका हुन् ।

उनीले समुदाय, सहकारी र विद्यालय मिलेर चियाखेती गरेका थिए । रेशको बौर, तिङरिङलगायतका ठाउँमा हाल १६२ रोपनी जग्गामा चियाखेती भइरहेको छ । गत वर्ष नमूनाका रूपमा परम्परागत शैलीबाट चिया उत्पादन गरे पनि यस पटक स्थानीयले चिया उत्पादन गर्ने उपकरण खरिद गरेका छन् भने ७० रोपनी जग्गामा लगाइएको चिया टिप्न थालिएको छ। थप सय रोपनी जग्गामा चियाका बोटहरू हुर्किरहेका छन् ।

पाँच वर्षमै चियाका बोटले पूर्ण रूपमै उत्पादन दिन थालेकाले हाल हप्तामा एक दिन चिया टिप्न थालिएको छ। चिया टिप्नेक्रम मङ्सिरसम्म जारी रहने छ । जनकल्याण आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डम्मरबहादुर थापाले ३५ रोपनी विद्यालयको जग्गामा चियाखेती गरिरहेको जानकारी दिए। रेशमा चियाको सुरुआत विद्यालयकै जग्गाबाट भएको बताउँदै उनले दाउरा बिक्री गर्ने पाखो हाल चिया बगान भएको बताए।

रेशमा साना किसान सहकारी संस्थाको अगुवाइमा चियाखेती विस्तार भइरहेको थापाले बताए। उनका अनुसार विद्यालयले चियाका बिरुवासमेत उत्पादन गरेर बिक्री वितरण गरिरहेको छ । हाल उक्त सहकारीको ६७ रोपनी, स्थानीय नागरिकको ६० रोपनी तथा विद्यालयको ३५ रोपनी गरी १६२ रोपनी जग्गामा चियाखेती विस्तार गरिएको छ । जसमध्ये पहिलो चरणमा लगाइएको विद्यालय र स्थानीयको ७० रोपनी जग्गामा मात्रै चिया उत्पादन भइरहेको र अन्य स्थानका चियाका बिरुवा हुर्कंदै गरेको सहकारी संस्थाका अध्यक्ष उजेली शर्माले जानकारी दिइन् ।

काठेखोला गाउँपालिका-७ रेशका वडाअध्यक्ष प्रेम लामिछानेले एक वर्षभित्रै चियाको निर्यात हुनेगरी चिया टिप्न थालिएको र चिया उत्पादन गर्ने उपकरणसमेत रु १८ लाख लागतमा स्थानीयले रकम सङ्कलन गरी खरिद गरेको जानकारी दिए । "सुरुमा ताराखोलाबाट बिरुवा लिएर रोपेका थियौँ, पछि सहकारीकै अगुवाइमा बिरुवा उत्पादन गरेका हौँ । सुरुमा गण्डकी प्रदेशको मुख्यमन्त्री नमूना कृषि कार्यक्रममार्फत् किसानलाई चिया खेतीमा अग्रसरता दिलायो", उनले भने-"गत वर्ष परीक्षणका रूपमा हातले ग्रिन चिया उत्पादन गरेका थियौँ, तर व्यावसायिकता थिएन, हाल चियाको उत्पादनसमेत बढ्दो छ । आफैँ चिया बनाउने उपकरणले चिया उत्पादनमा व्यावसायिकता ल्याउन सहज भएको हो। ग्रिन चिया किलोकै दुई हजारभन्दा बढीमा बिक्री गर्न सकिन्छ, यहाँको विद्यालय, सहकारी र स्थानीयलाई झाडी फाँडेर लगाएको चियाले आयआर्जनमा सघाउनेछ।"

पाखोबारीमा लगाएको चिया राम्रो हुँदै गएपछि बसाइँसराइले उजाड बनेका खेतीयोग्य र उजाड जमिनमा पलाएका झाडी फाँडेर किसानले चियाखेती विस्तार गर्न थालेका छन् । चियाको बिरुवा राम्रो हुँदै गएपछि स्थानीयवासीले खाली भएका व्यक्तिगत तथा सार्वजनिक जग्गामा पनि खेती विस्तार गर्न थालेको अध्यक्ष लामिछाने बताए । थप ५० हजार चियाका बिरुवा लगाउने योजना रहेको उनको भनाइ छ ।

चियाखेती थालेपछि गाउँमा चियाबगान अवलोकनका लागिसमेत पर्यटकहरू आउन थालेका छन् । छ वर्ष अघिसम्म वनमारा झारले ढाकिएको पाखो हाल चिया बगानमा परिणत भइसकेको छ। चिया बगान हेर्न, सामाजिक सञ्जाल फेसबुक/टिकटकमा दृश्य सार्वजनिक गर्न आन्तरिक पर्यटक रेशको चिया बगानमा आउने गरेका हुन् । यहाँ विभिन्न शैक्षिक कार्यक्रमअन्तर्गत अध्ययन-अनुसन्धान गर्न पनि विद्यार्थी आउने गरेका छन् ।

पर्यटकलाई थप आकर्षित गर्न र उपभोक्ताको आयआर्जन वृद्धि गर्न बिहूँको थामानेटामा समेत पहिलोपटक चियाखेती थालिएको काठेखोला गाउँपालिका-५ का वडाअध्यक्ष ज्ञामनाथ कँडेलले बताए ।

# राप्ती आँखा अस्पतालमा जलविन्दु उपचार सेवा सुरु भएपछि स्थानीयलाई राहत




दाङ । राप्ती आँखा अस्पताल रक्षाचौरले जलविन्दु (ग्लुकोमा) रोगको विशेषज्ञ सेवा सुरु गरेको छ । अस्पतालमा उपचारका लागि आउने जलविन्दुको समस्या देखिएकाहरूलाई उपचारका लागि काठमाडौँ पठाउनुपर्ने अवस्था अन्त्य गर्ने सेवा सुरु गरेको अस्पतालले जनाएको छ ।

अस्पतालमा सहायक प्राध्यापक डा. रञ्जितकुमार शाहको आगमनसँगै केही दिनअघि जलविन्दुको विशेष उपचार सेवा सुरु भएको हो । सेवा सुरु भएसँगै बिरामीहरू घर आँगनमै उपचार पाएको भन्दै खुसी भएका छन् ।

तुलसीपुर-१५ की ८३ वर्षीया जयमोती थरुनीले लामो समयपछि उपचार सेवा पाएपछि खुसी व्यक्त गरिन । घरबारविहीन थरुनीले उपचारपछि नयाँ जीवन पाएको अनुभव भएको बताइन् ।

डा.शाहका अनुसार यहाँ बहिरङ्ग सेवा (ओपिडी) लिन दैनिकजसो दुईदेखि तीन सय बिरामी आउने गरेका छन्। तीमध्ये पाँचदेखि सात जनामा जलविन्दुको समस्या देखिने गरेको छ। "जलविन्दु आँखामा दबाब बढेर दृष्टिमा असर पुऱ्याउने रोग हो। प्रारम्भिक अवस्थामा उपचार सुरु गरिएमा दृष्टि जोगाउन सकिन्छ तर धेरैजसो बिरामी ढिलो गरी अस्पताल आउने भएकाले दृष्टिमा स्थायी क्षति पुगिसकेको हुन्छ।"-डा शाहले भने।

नेपालमा हालैको एक सर्वेक्षणअनुसार दुई दशमलव एक प्रतिशतभन्दा बढी जनसंख्यामा जलविन्दुको समस्या देखिएको छ। डा.शाह धेरैलाई यसबारे थाहा नहुने, लक्षणको बेवास्ता गर्ने र अस्पताल ढिलो पुग्ने समस्या रहेको बताउँछन्। जलविन्दुको मुख्य लक्षणहरूमा दृष्टि धमिलो हुँदै जानु, बत्तीमा हेर्दा इन्द्रेणी रङ देखिनु, टाउको र आँखामा दुखाइ, वाकवाकी लाग्नुलगात रहेका उनले बताए।

"यो रोग परिवारमा एक जनामा देखिएको खण्डमा अन्य सदस्यमा पनि हुने सम्भावना रहन्छ । साथै मधुमेह, उच्च रक्तचाप वा आँखामा चोटपटक लाग्दा पनि जलविन्दु हुने सम्भावना बढ्छ", डा शाहले भने-"राप्ती आँखा अस्पतालले आँखासम्बन्धी विविध उपचार सेवा दिँदै आएकामा जलविन्दु विशेषज्ञ सेवा पनि थपिएपछि यहाँका सेवाग्राहीलाई निकै राहत हुनेछ।"

जलविन्दु भएका बिरामीहरूलाई काठमाडौँ वा अन्य ठाउँ जानुपर्ने बाध्यता अन्त्य भएपछि यसले दाङलगायत आसपासका जिल्लाका जनतालाई ठूलो राहत मिलेको छ।

## सहकारी...

मन्त्रालयबाट सिफारिस भएका नाममा लोकसेवा आयोगका अध्यक्ष माधव रेग्मीको संयोजकत्व रहेको छ भने सदस्यहरूमा पूर्व सचिव सुमन शर्मा र विज्ञका तर्फबाट गुणनिधि भुसाल सदस्य रहेका छन् ।

मन्त्रालयले बिहीबार नै नाम पठाउनुको उद्देश्य सर्वोच्चको आदेश बमोजिम एक साताभित्र समिति गठन होस् भन्ने थियो । सामान्यतया सोमबार र बिहीबार मन्त्रिपरिषद् बैठक बस्छ । सोमबारसम्म बस्दा तोकिएको साता पुग्ने भएकोले सोही दिन सिफारिस गरेर पठाएको मन्त्रालयले जनाएको छ। तर, बिहीबार सो निर्णय भएन।

त्यसपछि गत मङ्गलबार फेरि मन्त्रिपरिषद् बैठक बसिसकेको छ । सो बैठकले नेपाल राष्ट्र बैङ्कको गभर्नर सिफारिस गरेको थियो। सो बैठकले यसबाहेक विभिन्न ९ निर्णय गरेको छ। तर, समिति बनाउने निर्णय मन्त्रिपरिषद्बाट अनुमोदन भएन।

सङ्घ, प्रदेश र स्थानीय तहका सबै सहकारी संस्थालाई नियमन गर्न सक्नेगरी प्राधिकरण गठन गर्ने गरी संसद्को अघिल्लो हिउँदे अधिवेशनले ऐन संशोधन गरेको थियो। अध्यादेशमार्फत गरिएको उक्त व्यवस्थाअनुसार सुरुमा छनोट समितिमा पूर्वगभर्नर मध्येबाट एक जनालाई सदस्य बनाउने व्यवस्था गरिएको थियो । तर, पोर्टफोलियोको कारण देखाउँदै पूर्व गभर्नर छनोट समितिमा बस्न नमानेको भन्दै छनोट समिति बन्न सकेको थिएन।

सरकारले ल्याएको प्रतिस्थापन विधेयकमा भने उक्त विधेयक सच्याएर नेपाल राष्ट्र बैङ्कका पूर्व गभर्नरको स्थानमा पूर्व सचिव रहने व्यवस्था गरिएको थियो। उक्त अध्यादेश चैतमै दुवै सदनबाट पारित भएको थियो। अहिले प्राधिकरणमा तीन जना मात्रै सदस्य छन्। प्राधिकरणको सदस्यहरूमा मन्त्रालयको प्रतिनिधिको रूपमा सहसचिव मदन कोइराला र नेपाल राष्ट्र बैङ्कका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल रहेका छन् भने तत्कालका लागि अध्यक्षको रूपमा सहकारी मन्त्रालयका सचिव केदारनाथ शर्माले जिम्मेवारी पाएका छन्।

सहकारी ऐनले प्राधिकरणलाई स्वशासित र सङ्गठित संस्था रहने व्यवस्था गरे पनि अहिलेको अवस्थाले प्राधिकरण सरकारको छायाँ भएको भन्दै अध्यक्ष नियुक्ति छिटो गर्न माग गर्दै वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीसमेतले सर्वोच्चमा मुद्दा दायर गरेका थिए । यसमा सुनुवाइ गर्दै डेढ महिनाभित्र अध्यक्ष नियुक्ति गर्न आदेश दिइएको थियो । यसअनुसार असार दोस्रो साताभित्र अध्यक्ष नियुक्ति प्रक्रिया पूरा गरिसक्नुपर्छ।

## बालमैत्री...

घोषणालाई दीगो बनाउन बालबालिकाहरुका लागि सकरात्मक सिकाई तथा जनप्रतिनिधीसँग बालबालिका कार्यक्रम,मेयर उपमेयरसंग बाबालिका कार्यक्रम,वडा अध्यक्षसंग बालबालिका कार्यक्रम, बालबालिकाको सबाल ब्यबस्थापन र अवस्थाबारे सरोकारवालाहरुसँग अर्न्तकृया कार्यक्रम सम्पन्न भएका उपप्रमुख जगेश्वरदेवी चौधरीले बताइन् । '४-४ महिनामा बालमैत्री सुचकमा आधारित रहेर बिद्यालय तथा पसलहरु अनुगमन गरिएको छ, विपद् व्यवस्थापन सम्बन्धमा बालबालिकासंग अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम गरिएको छ, बालबालिकाहरुका लागि योग शिक्षा तथा सकारात्मक सिकाई सम्बन्धि कार्यक्रम सम्पन्न भएका छन्'-उपमेयर चौधरीले भनिन्-'बाल विवाह, बाल हिंसा, निकृष्ट बालश्रम मुक्त समाज निर्माणका लागि सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएका छन् यी सबै कार्यक्रमले बालमैत्री नगर घोषणा मात्र नभई दीगो कार्यान्वयन भइरहेको पुष्टी हुन्छ।

नगरले गत वर्ष अन्तर वडा बाल सञ्जाल स्तरिय फुटसल प्रतियोगिता,वडास्तरका बालबालिकाहरुका लागि १ महिने संगित तालिम, वडा स्तरिय एक महिने क्रिकेट प्रशिक्षण प्रवर्द्धन कार्यक्रम, बालमैत्री स्थानिय शासन सम्बन्धी बाल समूह र बाल समूहका अभिभावकहरुका लागि अभिमुखिकरण कार्यक्रम संचालन भएका बालमैत्री बालमैत्री नगर समन्वयकर्ता घिमिरेले बताइन्।

यस्तै वडा बाल संजाल ,सम्पर्क शिक्षक,बाल समूह संरक्षकहरुका लागि विभिन्न अध्ययन अवलोकन भ्रमण, पढाईप्रति आर्कषण र आचरण शिक्षा सम्बन्धी सकारात्मक सिकाई तथा उत्प्रेरणा जागरण कार्यक्रम सम्पन्न भएका उनले बताइन् । यस्तै बाल समूहहरुका बालबालिकाहरुका लागि उद्घोषण, क्षमता बिकास, नेतृत्व बिकास,माईन्यूट लेखन तथा बौद्धिक मनोपरार्मश सम्बन्धि तालिम र स्थानीय प्रहरी कार्यालयमा बाल संरक्षणको सूचकमा आधारित भई अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका घिमिरेले बताइन्।

यसैगरी बाल समूह र वडा बाल संजालको नेतृत्वमा बाल भित्तेपत्रिकाको प्रकाशन सम्बन्धी तालिम वडा भित्रका विपन्न परिवारका बालबालिकाहरुको पहिचान गरि शैक्षिक सामाग्री तथा झोला बितरण , बालमैत्री स्थानिय शासन दिगोपनाका लागि सरोकारलाहरुसंग अन्तरक्रिया तथा शसक्तिकरण कार्यक्रम गरिएको उनले बताइन्।

नगरपालिकाले चालु आर्थिक वर्षमा बालमैत्री सहजकर्ताको पारिश्रमिकका लागि २५ लाख रुपैयां र बालमैत्री शिक्षाका लागि ४३ लाख ५० हजार वजेट विनियोजन गरेको थियो।

नगरपालिकाले बालमैत्री नगर कार्यान्वयन भएको दावी गरेपनि नीति निर्माण र निर्णय प्रकृयामा सार्थक र अर्थपूर्ण सहभागिता, निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा, पूर्ण बालश्रम मुक्त, गुणस्तरीय स्वास्थ्य सेवा , बाल हिंसा आदि थुप्रै पक्षमा पूर्णरुपमा बालमैत्री नगर कार्यान्वयन हुन नसकेको र यसका लागि अझ धेरै समय लाग्ने बालबालिका क्षेत्रका जानकारहरु बताउंछन्।

'घोषणा हुनु र जे जति कार्यान्वयन भएको छ यो आफैमा राम्रो र सकारात्मक पक्ष हो, तर पूर्णरुपमा दीगो कार्यान्वयनमा अझ धेरै काम गर्नुपर्ने देखिन्छ'-कानूनका जानकार समेत रहेका अध्यापक युवरज कंडेल बताउंछन्।

नगर प्रमुख रामकृष्ण खांणले विगतमा गरिएको बालमैत्री नगर घोषणालाई नयां जनप्रतिनिधिले अपनत्व लिंदै प्राथमिकताका साथ कार्यान्वयन गरेकाले अहिले उदाहरण बन्न सफल भएको बताए। उनले नगरलाई बालमैत्री संगै महिलामैत्री, युवामैत्री नगर घोषणाको दिशामा नगर अघि बढेको बताए।

**गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश**

- रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- जन्म,मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गराउँ ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं । पशुपंक्षी संरक्षण गरौं,
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा राख्ने गरौं ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- फोहोरको उचित व्यवस्थापन गरौं ।
- वातावरण जोगाउन वृक्षारोपण गरौं ।
- भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
- स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

रुद्रहरि पुरी — प्रमुख प्रशासकीय अधिकृत
सावित्रा ज्ञवाली — उपाध्यक्ष
रामप्रसाद पाण्डेय — अध्यक्ष

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी

# नगरपालिकामा तरकारीजन्य बस्तुको व्यवस्थापन गरिँदै




राधिका भुसाल
प्यूठान

प्यूठान नगरपालिकाले फलफूल तथा तरकारीजन्य बस्तुलाई व्यवस्थापन गर्न थालेको छ । प्यूठान नगरपालिका वडा नं.३ जुम्रीस्थित नागवेली बहुउद्देश्यीय कृषि सहकारी संस्थाको थोक बजारमा संकलन गरी बजारीकरणमा लैजाने थालेको हो ।

तरकारी जन्यवस्तुमा आत्मनिर्भर बनाउनुका साथै कृषकको उत्पादनलाई सहज रुपमा बजारीकरण गर्ने उदेश्यले आयातित तरकारी जन्यवस्तुमा प्रति के.जी. २० पैसाको दरले राजस्व उठाउन थालिएको प्यूठान नगरपालिकाका नगरप्रमुख विष्णु योगीले बताए । 'नगरक्षेत्र भित्रका कृषकलाई बजारीकरणमा आधारित प्रति के.जी. ५ रुपैयाँ अनुदान दिँदैछौं,' नगर प्रमुख योगीले भने-'हाम्रो खपत, उत्पादन र व्यवस्थापन तथा नियमनका लागि थोरै शुल्क निर्धारण गरिएको मात्रै हो ।' दुग्धजन्य बस्तुमा प्रति लिटर १० रुपैयाँ अनुदान दिँदै गर्दा चालु आर्थिक वर्षमा १ लाख २० लिटर दूध उत्पादन हुने अनुमान गरिएको उनले बताए । बाहिरबाट आउने तरकारीको रेकर्ड राख्ने र हाम्रो उत्पादनलाई प्रोत्साहित गरि संकलन केन्द्रमार्फत् किसानले ढुक्कसँग उत्पादित बस्तु बिक्री गर्न पाउने उनको भनाइ छ ।

प्यूठान नगरपालिका क्षेत्र बाहिरबाट आयात हुने तरकारी तथा फलफूलमा प्रति केजी २० पैसाका कर लिने गरी बुधबारदेखि लागू गरिएको संस्थाका अध्यक्ष विष्णु पाण्डेले बताए । 'नगरपालिका भित्रको खपत र उत्पादनको अवस्थाको अध्ययन गरिसकेका छौं,' अध्यक्ष पाण्डेले भने-'प्यूठान नगरपालिकाले लिने यो करले कृषकहरुलाई एकीकृत गर्नेछ ।' हामीले प्यूठानसँग समन्वय गरेर एकीकृत बजारीकरणका निम्ती काम गर्न थालेको बताउँदै जिल्लाभर संकलन केन्द्र विस्तार गर्ने अध्यक्ष पाण्डेले बताए ।

# आजदेखि भैरहवा यु-१६ प्रदेशस्तरीय क्रिकेट प्रतियोगिता




भैरहवा । रुपन्देहीको भैरहवामा आजदेखि लुम्बिनी प्रदेशस्तरीय यु-१६ क्रिकेट प्रतियोगिता हुने भएको छ । लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजना र रुपन्देही क्रिकेट संघको समन्वयमा प्रतियोगिता हुन लागेको हो । राष्ट्रिय यु-१६ क्रिकेट प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोट गर्न प्रतियोगिता आयोजना गरिएको हो । आयोजकले शुक्रबार भैरहवामा पत्रकार सम्मेलन गरी भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदान र तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानामा प्रतियोगिता हुने जनाएका छन् ।

प्रदेश क्रिकेट संघका सदस्य एवं खेल संयोजक प्रथम पराजुलीले जेठ ९ देखि १६ गतेसम्म प्रतियोगिता संचालन हुने जनाए । भैरहवाका व्यवसायी किसन विकले आफ्नी स्वर्गीय श्रीमती लीला सेन्चुरीको नाममा प्रतियोगितालाई मुख्य प्रायोजन गरेका छन् । त्यसैले प्रतियोगिताको नाम 'लीला सेन्चुरी मेमोरियल लुम्बिनी प्रदेशस्तरीय यु-१६ क्रिकेट प्रतियोगिता' राखिएको छ ।

नेपाल क्रिकेट संघको कार्यक्रम अनुसार आयोजना गरिएको प्रतियोगितामा लुम्बिनी प्रदेशका सात जिल्लाका टिम सहभागी हुनेछन् । पराजुलीका अनुसार रुपन्देही, पश्चिम नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके र बर्दियाका टिम सहभागी छन् । प्रतियोगिताले प्रदेशस्तरीय बलियो टिम छनोटमा सहयोग पुग्ने जनाइएको छ ।

प्रदेश क्रिकेट संघका कार्यबाहक अध्यक्ष विनय राजभण्डारीले राष्ट्रिय प्रतियोगिताका लागि प्रदेशस्तरबाट उत्कृष्ट खेलाडी छनोट गरी एउटा टिम बनाइने बताए । उनले तल्लो तहका यस्ता प्रतियोगिताले भोलिका दिनमा राष्ट्रिय टिममा राम्रो खेलाडीहरु पुऱ्याउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले संघले प्रतियोगिता सफल पार्न सबै किसिमको तयारी गरेको जनाए । उनका अनुसार छनोट खेल भएकाले प्रतियोगिताका विजेता टिमलाई ट्रफी र मेडल मात्रै पुरस्कार राखिएको छ । तर, प्रत्यके खेलमा म्यान अफ द म्याचलाई भने एक हजार रुपैयाँ प्रदान गरिने उनले बताए । ३५ ओभरमा खेलाइने उक्त प्रतियोगिता सम्पन्न गर्न ७ लाख रुपैयाँ खर्च लाग्ने आयोजकले जनाएका छन् ।

# न्यू होराइजन स्पोर्टस् क्लबले मनायो ८औं भलिबल दिवस




बुटवल । न्यू होराइजन स्पोर्ट्र्स क्लब, बुटवलले ८औं भलिबल दिवसको अवसरमा क्लबको खेलमैदान परिसरमा बृहत् सरसफाइ र शुभकामना आदान प्रदान गरी दिवस मनाएको छ । आठ वर्षअघि जेठ ८ गते सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको थिया ।

क्लबले बिहान १० बजेदेखि सरसफाइ कार्यक्रम र साँझ ६ बजे पछि क्लब परिसरमै शुभकामना आदान-प्रदान कार्यक्रम समेत गरेको छ ।

सामाजिक उत्तरदायित्वअन्तर्गत सरसफाइ अभियान सञ्चालन गरी खेल क्षेत्रलाई स्वच्छ र सुरक्षित बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको क्लबका अध्यक्ष चेतन उचै ठकुरीले जानकारी गराए ।

शुभकामना आदान प्रदान कार्यक्रममा जिल्ला भलिबल संघ रुपन्देहीका अध्यक्ष सुरेन्द्र शाक्य, न्यू होराइजन माविका प्राचार्य लोकनाथ उपाध्याय, क्रिकेट प्रशिक्षक एवं पूर्व राष्ट्रिय खेलाडी शक्ति गौचन, न्यू होराइजन स्पोर्ट्र्स क्लबका उपाध्यक्ष बालकृष्ण बस्याल, सदस्य मिलन रानालगायतले न्यू होराइजन स्पोर्टस् क्लब र न्यू होराइजन माविको साझा प्रयासमा भलिबल खेलको विकास र खेलाडीको प्रोत्साहनका लागि धेरै लगानी र उपलब्धि हासिल भएको चर्चा गरे ।

सरसफाइ र शुभकामना आदान प्रदान कार्यक्रममा न्यू होराइजन स्पोर्ट्र्स क्लबका पदाधिकारी र सदस्य, खेलप्रेमी, स्थानीयवासी सहभागी थिए ।

# विकास खर्च बढाउन निजी क्षेत्रको सुझाव

बुटवल । निजी क्षेत्रले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत् नीतिगत स्थिरता र लगानीको ढोका खोल्नुपर्नेमा जोड दिएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिको आजको बैठकमा 'आगामी आर्थिक वर्षको बजेटमा समेट्नुपर्ने विषय'सम्बन्धी छलफलमा निजी क्षेत्रका प्रतिनिधिहरुले आगामी दशक (२०८२-२०९२) लाई लगानी दशक घोषणा गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले आगामी वर्षको बजेटले सामाजिक न्यायसहितको खुला अर्थतन्त्रको विस्तार र नयाँ चरणको आर्थिक सुधारका लागि सकारात्मक परिवर्तन ल्याउने विषयलाई समेट्नुपर्ने बताए ।

'साधारण खर्च घटाइ विकास खर्च बढाउने र सर्वसाधारणको क्रयशक्ति तथा उद्यमीको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यक्रम आगामी बजेटमा आउनुपर्छ', उनले भने-'नीतिगत स्थिरतासहितको लगानी मैत्री वातावरण अहिलेको आवश्यकता हो ।'

आयात प्रतिस्थापन गर्ने उद्योगलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै श्रेष्ठले एक सयभन्दा बढी रोजगारी प्रदान गर्ने उत्पादनमूलक, पर्यटन तथा सेवा उद्योगलाई रोजगार च्याम्पियन सम्मानसहित आयकरमा ४० प्रतिशत छुट दिनुपर्ने बताए ।

नेपाल उद्योग परिसङ्घका राष्ट्रिय परिषद् सदस्य लक्ष्मीप्रसाद सुवेदीले लगानीका नयाँ क्षेत्रको पहिचान गर्दै निजी क्षेत्रलाई त्यसतर्फ प्रोत्साहित गर्नुपर्नेमा जोड दिए। 'लगानी आकर्षण गर्न उत्पादनमुलक उद्योगको नाफामा लाग्ने आयकरको दर क्रमशः कम गर्दै १० प्रतिशतमा सीमित गर्नुपर्छ', उनले भने-'पूँजीगत खर्चको बढोत्तरीका साथै निजी क्षेत्रबाट हुने लगानीका लागि उचित वातावरण बनाएर प्रोत्साहन गर्नुपर्छ ।'

नेपाल चेम्बर अफ कमर्शका कार्यवाहक अध्यक्ष दीपक मलहोत्राले आगामी आवको बजेटमार्फत् नीतिगत स्थिरता सुनिश्चित गरिनुपर्नेमा जोड दिए । उनले विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिनुपर्ने बताउँदै विद्युतीय सवारी साधनमा कर वृद्धि नभई थप सहुलियत दिनुपर्ने धारणा राखे ।

बैठकमा सांसद पूर्णबहादुर तामाङ्ले मुलुकको विकासको अवस्था हेरेर समावेशी र सन्तुलित बजेट विनियोजन गर्नुपर्नेमा जोड दिँदै आवश्यकता र औचित्यका आधारमा आयोजना छनोट गरिनुपर्ने बताए । सांसद नारायणी शर्माले राज्यको नेतृत्वदायी भूमिका अर्थतन्त्रको विकासमा निजी क्षेत्र सँगसँगै अघि बढ्नुपर्नेमा जोड दिए ।

सांसद सूर्यबहादुर थापा क्षेत्रीले लहडमा नभई राष्ट्रिय आय र औसत उमेरलाई आधार मानेर सामाजिक सुरक्षा भत्ता निर्धारण गरिनुपर्नेमा जोड दिए । 'राज्यले नागरिकलाई दिन थालेको सहायता हटाउने होइन, औसत उमेर र राष्ट्रिय आयलाई हेरेर भत्ता निर्धारण गर्नुपर्छ', उनले भने-'दोहोरो भत्ताको सुविधा हटाउनुपर्छ ।

## मानव बेचबिखन जन्य कार्यहरु

-मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने ।
-मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने ।
-कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृत्तिमा लगाउने ।
-प्रचलित कानून विपरीत मानव अंग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गरौं ।
-बेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानून बमोजिम कारबाही हुन्छ ।
यस्तो कार्य भए, गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

-भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
-स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- जन्म, मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा गरौ ।
-फोहोरको उचित व्यवस्थापन गरौं ।
-कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं ।
-वातावरण जोगाउन वृक्षारोपण गरौं ।
-अनावश्यक घर बाहिर भिडभाडमा बढी नजाने ।
-खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
-सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
-रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

शालिकराम पन्थी — प्रमुख प्रशासकीय अधिकृत
सरिता खड्का — उपाध्यक्ष
महेन्द्र बहादुर कुँवर — अध्यक्ष

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## स्तन क्यान्सरका लक्षण

-स्तन वा काखमुनि नदुख्ने गिर्खा वा गाँठागुठी देखिनु ।
-स्तनको छाला लामो समयसम्म निको नहुने खटिरा आउने ।
-स्तनको आकारमा परिवर्तन आउनु ।
-स्तनको छाला सुन्तलाको बोक्रा जस्तो हुनु ।
-स्तनको मुन्टा भित्रतर्फ जानु ।
-स्तनको मुन्टाबाट रगत वा पिप बग्नु ।
-स्तन दुख्नु वा सुन्निनु आदि ।
यी मध्ये कुनै पनि लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com